# सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको आज मिति २०७९ साल श्रावण १५ गते आइतबारका दिन गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को पहिलो गाउँ कार्यपालिका बैठकका महत्वपूर्ण निर्णयहरु ।

१) गत आ.व. २०७८/०७९ मा गाउँपालिका तथा मातहतका कार्यालयबाट भएका योजना तथा कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न ।

२) चालु आ.व.मा सञ्चालन हुने स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्नका लागि खरिद योजना भाद्र मसान्तसम्म गर्ने र कार्यान्वयन प्रकृया असोज पहिलो साताबाट अगाडि बढाउने ।

३) जेष्ठ नागरिक, एकल महिला तथा बालबालिकाहरुले प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता छिटो, छरितो र सहज बनाउन सबै वडाबाट वितरण गर्न ग्लोबल आइ.एम.ई. बैंक सुलिचौर शाखासँगको समन्वय गरि वडा सचिव तथा वडाका पदाधिकारीहरुको रोहवरमा सबै वडाका टोल, बस्तीहरुबाट वितरण गर्ने ।

४) गाउँपालिमा सेवा लिन आउने सेवाग्राहीहरुको काम छिटो, छरितो र सहज ढंगबाट सम्पन्न गर्नका लागि तत्काल नागरिक सहायता कक्ष सञ्चालन गर्ने ।

५) गाउँपालिका तथा मातहतका कार्यालयहरुमा प्रयोग हुदै आएका जंकफूड र प्लाष्टिक माला तथा खादालाई पूर्णरुपमा बन्देज गर्ने स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्रयोगमा ल्याउने ।

६) गाउँपालिका भित्रका जग्गा वर्गिकरण गर्न कार्यदल निर्माण गरि कार्यान्वयनमा ल्याउने ।

७) गाउँपालिका तथा मातहातका कार्यालयहरुमा रिक्त रहेको पदहरुमा कानून वमोजिमको प्रक्रिया पूरा गरी करारमा पदपूर्ती गर्न मिल्ने पदमा पदपूर्ती प्रक्रिया अघि बढाउने ।

८) गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार सरुवा गर्न गाउँपालिका कार्यालयलाई जिम्मा दिने ।

९) गाउँपालिकालाई आवश्यक पर्ने "बस्तीबस्ती अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९", "बालविकास शिक्षक तथा विद्यालय सहयोगी व्यवस्थापन कार्यविधि, २०७९", "सवारी साधन प्रयोग तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०७९" र "सुनिलस्मृति गाउँपालिकाद्वारा सञ्चालन हुने सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला बैठक सञ्चालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ को (पहिलो संशोधन)" लाई पारित गर्ने ।

१०) गाउँपालिकालाई आवश्यक पर्ने अनुगमन तथा सुपरिवेक्षण समिति, अपाङ्ग समन्वय समिति, स्थानीय बालअधिकार समिति र लैङ्गिक हिंसा निवारण कोष उद्धार तथा राहत समिति गठन गरियो ।

११) वडा नं. १ थुम्पाकीमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गर्ने ।

१२) गाउँपालिका स्तरीय १५ शैया अस्पताल निर्माणका लागि जग्गा छनौट गर्न पूर्वाधार विकास समिति संयोजक श्री रेशम शर्माको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरियो।

१३) कर्मचारीहरुको कार्यसम्पादन करार गर्ने ।

१४) गाउँपालिका तथा मातहतका सवै कर्मचारीहरुको कार्य विवरण श्रावण मसान्तसम्म तयार गरी लागु गर्ने ।

१५) आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने।

१६) प्रत्येक चौमासकि अवधिको अन्त्यमा र सो अवधिमा उत्कृष्ट कार्य सम्पादन हासिल गर्ने सवै शाखा र वडाहरुको कार्यसम्पादनको आवधिक मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने ।

१७) बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम भाद्र ४ गते सवै सरोकारवालाहरुको उपस्थितिमा सुलिचौरमा गर्ने ।

१८) गाउँपालिका सम्पूर्ण जनप्रतिनिधिहरुको पोषाकमा एकरुपता ल्याउनका लागि आवश्यक रकमको व्यवस्था गर्ने ।

१९) वालविकास केन्द्रका शिक्षक, सामुदायिक सिकाई केन्द्रका कर्मचारी र विद्यालयका कार्यालय सहयोगीहरुको तलव नेपाल सरकारको मापदण्ड अनुसार तलवमान कायम गर्ने यस आ.व.मा बजेट अपुग भै भुक्तानी हुन बाँकी रकमलाई आगामी आ.व.मा एकमुष्ट भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

..........................

(पवन कुमार कवर)

प्रवक्ता